# मुलुकी

खबर

राष्ट्रिय दैनिक

झाँझखर्क साप्ताहिकको सह-प्रकाशन

■ बर्ष-१७, ▶▶ अंक ४ भदौ २१ गते सोमबार,२०७८, Septmber– 6 Monday 2021 ,यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/– www.majhkharka.com



## तु – होटल बिक्रिमा

गाईघाटको मुख्य चोकदेखि पुरानोगाइघाट चोकको उतर तर्फ पिसजोन बोडिङ जाने बाटोको मुख्य सडकको मुखैको बलम्पाकी रेष्टुरेन्ट बिक्रिमा। इच्छुकले सम्पर्क गर्नुहोला।
सम्पर्क -९८४२९९४३३०


# गाउँपालिकाबासीको खुशी नै मेरो उपलब्धी र खुशी


❖ बेद कुमारी राई

*उदयपुर, भदौ २०*

उदयपुर जिल्लाको उदयपुरगडीमा बस्ने विरवहादुर क्यप्छाकी मगर र तिलमाया मगरका कोखबाट जन्मेका उदयपुरगडी गाउपालिकाका अध्यक्ष मानवहादर क्यप्छाकी मगर हुन्। ३ छोर ४ छारी मध्य उनि जेठो छेरा हुन्।



उनका भाइहरु कर्णबहादर मगर,सुरेश मगर नामका छन्। उनका दिदीबहिनी सुशिला,देविका,बुद्धिमाया,शान्तिमाया मगर नामका छन्। उनले कक्षा ५ सम्म आप्नै गाँउको विद्यालयमा अध्यन गरेका थिए। कक्षा ६ देखि त्रिवेणी कटारी मा.वि.बाट २०४१ सालमा एस्.एल्.सी. दिएका थिए। उनले २०४१ सालमा मिरिमचिडको उसा मगरसंग मागि विवाह गरेका थिए। उनका २ छोर र एक छोरी गरि ३ सन्तान छन्।





उनले जनकपुरको रत्नराज्य क्याम्पसबाट आप्नो पढाई अन्त्य गरेर आप्नै गाउको विद्यालयमा ६ बर्ष अध्यापन गराएका थिए। उनको वुवा पन्ञ्चायतकालमा तावासी गविसको प्रधानपञ्च भएकोले पनि र उदयपुर जिल्लाको कमिनिष्ट पार्टीका गुरु भनेर चिनिने राममणि पोखरेलको प्रेरणाबाट मिलेको उनले बताए। उनी सुरुमा गाउ कमिटिको स्थानिय सदस्यमात्र थिए। २०४७ मा नेकपा एमालेका संगठिट सदस्य हुनु लगत्तै २०४८ सालको चुनावमा गाविसको वडा अध्यक्षमा निर्वाचित भए। उनि तावासी गाउपालिकामा दुईपटक वडा अध्यक्ष पनि भएका थिए। उनले गाउपलिकामा चुनाव जितेपछि विद्युत,सडक,शिक्षा,स्वस्थ र खानेपानिलाई मुख्य योजना बनाएका थिए।



योजना अनुसार ८ वटै वडामा १२ महिना नै गाडी चल्नुपर्छ भन्ने हिसावले गरिएको योजनामा अहिले १ दखि ३ वटै वडामा १२ महिना नै गाडी चल्ने गरेको छ। सडक क्षेत्रमा योजना अनुसार सफलता प्राप्त भएको मगरले बताए। विद्युत् क्षेत्रमा ६ हजार घरधुरी मध्य ४५ सय घर

*बाकी ३ पेजमा-*

# आज ३ संक्रमित थप

❖ मुलुकी सवाददाता

*उदयपुर, भदौ २०*

उदयपुरमा आईतबार थप ३ जनामा कोरोना भाईरसको संक्रमण पुष्टि भएको छ। जिल्ला स्वास्थ्य कार्यालय उदयपुरका अनुसार २ पुरुष र १ महिला गरी ३ जनामा संक्रमण पाइएको हो।

यो सँगै जिल्लामा संक्रमितको कुल संख्या ३ हजार ४ सय ५५ पुगेको स्वास्थ्य कार्यालयले जनाएको छ। थपिएका संक्रमितहरु त्रियुगा नगरपालिका १२ का ७० वर्षीय पुरुष तथा ११ का २७ वर्षीया महिला छन्। त्यस्तै लिमचुङबुङ गाँउपालिका २ का १ बालक रहेका छन्।

त्यसै गरी जिल्लामा कोरोना परास्त गर्नेको संख्या ३ हजार ३२२ जना पुगेका छन्।




जसमा १ हजार ७ सय ९७ पुरुष तथा १ हजार ५ सय २५ महिला रहेका छन्। हाल जिल्लामा सक्रिय संक्रमित ३७ पुरुष र ४४ महिला गरी ८१ जना मात्र बाँकी रहेको स्वास्थ्य कार्यालयले जनाएको छ। उनीहरुको बिभिन्न अस्पतलामा उपचार भईरहेको छ।

स्वास्थ्य कार्यालयको तथ्याङ्क अनुसार जिल्लामा हालसम्म कोविडले ३६ महिलासहित ५२ जनाले ज्यान गुमाईसकेका छन्।


## सगरमाथा यातायात









गाईघाटदेखि काठमाडौ र काठमाडौदेखि गाईघाट सम्मको सुबिधा सम्पन्न यात्राको लागि सगरमाथा यातायात।
भोला खड्का। सम्पर्क - ९८४०४१९८१२

सम्पादकीय

# सोलार सडक बत्ती मेयरलाई घाँडो

उदयपुर जिल्लाको चार वटा नगरपालिकाहरु सदरमुकाम गाईघाटको त्रियुगा नगरपालिका, क्टारी नगरपालिका, चौदण्डी नगरपालिका र बेलका नगरपालिकाका चारै जना मेयरलाई अहिले बजार क्षेत्रको सोलार सडक बत्ती घाँडो भएको मात्र भएको छैन कसरी मर्मत सम्भार गर्ने भनेर दिमाग चाँटेको छ ।
बजार क्षेत्रको सडक किनारमा रहेको सडक सोलार बत्ती गाडेको ५ बर्ष बढि भयो न बत्ती बल्छ न मर्मत गर्न सक्छ ? सडक सोलार बत्तीले गर्दा अहिले मेयरहरुलाई सो सोलार बत्तीको पोल, सोलार प्यानल निल्नु न ओकल्नु झै भएको छ । अन्य कुरा तपरको कुरा सडक सोलार बत्ती, बजार क्षेत्रको सिसि क्यामेरा, नाली, ढल, सडकपेटी, बजार क्षेत्रका डसबिन, फोहोर ब्यबस्थापन समेत गर्न नसक्ने मेयर सापहरु देख्दा उदेक लागेर आउँछ ।

स्थानिय सरकारको आशा, भरोसा नै भएर हो मेयर ज्युलाई नगरपालिकाको हरेक समस्याको गुनासो आइपर्छ । स्थानिय सरकार बलियो सरकार भएर नै हो हामी नगरबासिले हरेक गुनासो मेयरलाई सुनाउन पाएका छौ । मेयर मात्र होइन उपमेयर, वडाध्यक्षहरुले पनि यी काम गर्न सक्छन् । त्रियुगा नगरपालिका ११ नम्बर वडाध्यक्ष बिश्वराज भट्टराई, वडा नम्बर १२ पुरानो गाईघाटका जयबिक्रम राई, वडा नम्बर १३ असारी पुरानो गाइघाटकि वडाध्यक्ष पशुपती चौधरी, वडा नम्बर ३ मोतिगडाका अध्यक्ष अबधेस चौधरी, वडा नम्बर १० बोक्सेका वडाध्यक्ष प्रकाश खड्काले सडक्को सोलार बत्ती बनाउन सकिन्न र ? कटारी नगरपालिकाका मेयर ज्ञानेन्द्र श्रेष्ठ, बेलका नगरपालिकाका मेयर दुर्गा कुमार थापा, चौदण्डी नगरपालिकाका मेयर खगेन्द्र राईले सडक सोलार बत्ती नबलेको देखिन्न र ? कि देखेर पनि नदेखेको जस्तो गरेको हो ? सडकको सोलार बत्ती बनाउन सकिन्न भने अरु त के काम गर्न सकिएला र ? उदयपुर जिल्लाको नगरपालिकाहरु त्रियुगा, कटारी, बेलका, चौदण्डीगढी चारवटै नगरपालिकामा यो समस्या छ । सडक सोलार बत्तीको नाममा जुन कम्पनीले बजेट लग्यो ति कम्पनीले मदमासी गरेकै हुन् ।

त्रियुगा नगरपालिका मात्र होइन बेलाका नगरपालिकाका मेयर, कटारी नगरपालिका, चौदण्डीगढीका मेयर त नगरपालिका भित्र रहेको सडक सोलार बत्तीको कुनै वास्ता गर्दैनन् । सडकमा सोलार बत्ती यत्रतत्र बिग्रेर बसेका छन् तर मेयरलाई कुनै वास्ता छैन । मेयर भएकाले मेयरसँग आशा राख्नु स्वाभाबिक हो । बेलकाका नगर प्रमुख दुर्गा थापा त सडक सोलार बत्ती हराउँदा समेत उनलाई कुनै वास्ता छैन ।

# भालु खोलाले बगाएर चुहाडेकी १३ वर्षीया बालिकाको मृत्यु

❖ मुलुकी सवाददाता

*उदयपुर, भदौ २०*

स्थानीय भालु खोलाले बगाएर आईतबार १३ वर्षीया बालिकाको ज्यान गएको छ । त्रियुगा नगरपालिका ७ की यमकुमार राईकी छोरी यशिकाको स्थानीय भालु खोलाले बगाएर ज्यान गएको हो ।

खोला छेउमा फसेको प्र. १-०५-००१ ह ०१२७ नम्बरको आफ्नै अटो निकाल्न घरपरिवार संग गएकी थिईन् । उक्त खोलामा माथिबाट एक्कासी बाढी आउदा अटो र बच्चालाई बगाएको अटो थियो ।


प्रहरी र स्थानीयहरु मिलेर खोजतलासी गरेसी बालिका र अटोलाई फेला पारेको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ । घटनास्थलबाट ८ किलोमिटर दक्षिण त्रियुगा नगरपालिका ९ स्थित त्रियुगा खोलामा उक्त बालिकाको शव फेला परेको जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक बेदप्रसाद गौतमले जानकारी दिए ।

प्रनाउ गौतमका अनुसार अटो भने बगाएको ठाउँदेखि ५ सय मिटर तल फेला परेको थियो ।












## गाउपालिका...





धुरीलाई दशै भन्दा अगाडी नै बत्ति बाल्ने योजना रहेको उनको योजना रहेको छ । यस गाउपालिकामा सामुदाईक विद्यालय ६४ वटा रहेको छ । जस्मा मा.वि.तहका विद्यालयहरु वडा नं. १ मा १ वटा,वडा नं. ३ मा दुई वटा, वडा नं.४मा २वटा, वडा नं. ५मा १ वटा,वडा नं. ६ मा २ वटा, वडा नं. ७ मा २ वटा र वडा नं. ८ मा १ वटा गरी जम्म१२ वटा मा.वि विद्यालयहरु छन् ।

यस विद्यालयमा प्लस टु सम्म अध्यन गराउने गरिएको छ । साथै स्वास्थ क्षेत्रमा वडा नं.१,३,४ र ५ मा एम्बुलेन्सको र स्वास्थ चौकीको व्यावस्था गरिने मगरको भनाई छ। यस पालिकाको खेलकुद क्षेत्रको विभागामा सार्वजनिक जग्गालाई खेलमैदान बनाइएको छ ।

मगरले स्थानिय जनप्रतिनिधीहरु हरुसंग उनले ८ वटा वडाहरु मध्य २ वटा वडामा पक्कि भवन बनाइसकेको र बाँकी ७,४ र ५ को लागी बजेट विनियोजन गरिसकेको उनको भनाइ छ । र यस गडिअन्गर्त २ वटा चौकीहरु छन् जस्मा थाई र स्थाई छन्। यस पालिकामा ७० प्रतिसत मानिसको घर जस्था पाताको र ३० प्रतिशत खरको छानाको घर रहेको छ । यस गडिका मानिसहरु बढि कृषिमा लगाव छन् अहिले किसानले बेमोउसमि तरकारी बार्षि ४५ लाखको तरकारी बेच्ने गरेको उनको अनुमान छ । मगरका अनुसार यस गडिमाइ पर्यटकिय हिसावले गडिमाई लाई मानिने गरिएको छ ।

धार्मिक स्थलमा वडा नं ५होबासमा महादेवको मन्दिर, वडा नं. २ मा ककनी मन्दिर रहेको छ । हाल उदयपुरगडी गाउकार्यलय भित्र ३२ जना कर्मचार हरु रहेका छन् । पुराने गडिको संरचना तयार गर्नलाई निरन्तरता दिँदै अगाडी बढाउन ७० लाख बजेट लगानीमा संरक्षण गरिएको छ ।









त्रिनपा – ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसंगै जोडिएको। प्रोपाइटरः–**बिनोदकुमार पाण्डे** सम्पर्कः– ९८५२८३०५८२ *यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ।*

मुलुकी दैनिक

समयमा नपाए तुरुन्त सम्मर्क गर्नुहोस् ९८४२९८५१८८

## गाडी रिजर्भ चाहिएमा



डाईभर नन्दु चौधरी
मो.न.९८४२९९०५४,
९८५२८३०५८२



# नेपाल फेरी फिनिसिङमै चुक्यो

❖ बिबेक राई

*गाईघाट, भदौ २०*

नेपालको फिनिसिङमा चुक्ने पुरानो बानीले आईतबार भारतसँगको मैत्रीपूर्ण फुटबलमा २-१ ले पराजित भएको छ । काठमाडौं त्रिपुरेश्वरस्थीत दशरथ रंगशालामा नेपालले आफूभन्दा बलियो भारतविरुद्ध राम्रो खेलेपनि फिनिसिङ गर्नु सकेन । भारतविरुद्ध खेल अवधिभर धैरै राम्रो मुभहरु बुन्दै आक्रमण पनि बढि नै गऱ्यो तर विपक्षि पोष्टमा पुग्नसाथ बललाई दिशा दिन नसक्नु, नर्भस हुने, प्रहार गर्नु ढिलाइ गर्ने, आत्तिएर प्रहार गरिहाल्ने जस्ता कुराले नेपालको फिनिसिङमा चुक्ने पुरानो रोग निको नभएको देखियो ।

नेपालको लागि मुख्य प्रशिक्षक अब्दुलाह अल्मुताइरीले पुरानो ४-४-२ को पारम्पारिक रणनीति बदल्दै ४-३-३ को आक्रमक रणनीति लिँदै आएका छन् । त्यसमाथि अरुलाई चकित पार्दै कुवेती प्रशिक्षक अल्मुताइरीले अनुभवि भन्दापनि युवा र नयाँ अनुहारलाई मौका दिने गरेका छन् । यसअघिको खेलमा उनको रणनीतिजस्तो नखेलेपनि नेपाली टोलीले आईतबार भने भारतको तुलनामा धेरै नै आक्रमक खेल्यो । तर फिनिसिङमै चुक्यो । कुनैबेला नेपाली टोलीलाई वर्षौ वर्ष गोलको खडेरी हुन्थ्यो ।

अल्मुताइरीको प्रशिक्षणमा खेलमा हारजित जेभएपनि गोल भने निस्किएको देखियो । गोल निस्किएपनि आईतबारको खेलमा नेपाली टोलीले बनाएको सुनौलो अवसरहरुलाई फिनिसिङ दिन सकेको भए नतिजा नेपालकै पक्षमा आउन सक्थ्यो । तर राम्रा राम्रा चाल चलेरपनि फिनिसिङ दिनु नसक्दा नेपाल पराजित हुनुपऱ्यो । गत बिहिबार भारतसँग नै खेलेको दुईमध्ये पहिलो मैत्रीपूर्ण खेलमा भने नेपालले १-१ को प्रतिस्पर्धात्मक बराबरी खेलेको थियो । बिहिबारभन्दा सुधारिएको खेलेपनि नेपालले हार व्योहोर्नुपऱ्यो ।

६२ औं मिनेटमा भारतीय कप्तान सुनिल क्षेत्रीको हेडपासमा फारुख चौधरीले गोल गर्दै भारतलाई अग्रता दिलाएका थिए । छउमै रहेका नेपाली डिफेन्डर गौतम श्रेष्ठ उनलाई मार्किङ नगर्दा उनले गोल गरेका थिए । एक गोलले पछि परेको नेपालले गोलको लागि भने धेरै प्रयास गरेको थियो । ६६ औं मिनेटमा तेज तामाङको पासमा अञ्जन विष्टको हेड र ७४ औं मिनेटमा अञ्जनकै पासमा मनिष डाँगी चक्दा नेपालले बराबरी गोल फर्काउन सकेन ।

७५ औंमिनेटमा पेनाल्टी नपाएको भन्दै अनावश्यक विवाद गर्दा भारतीय प्रशिक्षक इगोर स्टीम्याकले मैदानबाहिर नै पहेँलो कार्ड पाएका थिए । नेपाली टोली बराबरी गोल फर्काउने धुनमा व्यस्ता रहँदा रिबाउण्डमा आएको बलमा भारतीय कप्तान काउण्टर एट्याकमा गोल गर्दै अग्रता दोब्बर बनाउन सफल भए । त्यतिबेला नेपाली एक डिफेन्डर बाहेक सबै आक्रमणको लागि फ्रन्टलाइनमा नै थिए । ८६ औं मिनेटमा एकैपटक तीन परिवर्तन गरेपछि नेपाललाई केहि फापेको देखियो ।

पुजन उपरक्रेटीको ठाउँमा सन्तोष तामाङ, गोलरक्षक किरण चेम्जोङको ठाउँमा विशाल श्रेष्ठ र मनिष डाँगीको ठाउँमा राजन गुरुङलाई एकैपटक मैदान पठाएको एक मिनेटपछि नै तेज तामाङले धेरै परबाट उत्कृष्ट गोल गरिदिए । खेलपछि नेपाली टोलीका तर्फबाट उनी म्यान अफ द म्याच चुनिए । उनी यसअघिको पहिलो मैत्रीपूर्ण खेलमा पनि म्यान अफ द म्याच भएका थिए । हारेपनि नेपाली टोलीका कप्तान एवम् गोलरक्षक किरण नेपालको लागि सबैभन्दा बढि किर्तिमानी ७४ औं क्याप जित्न सफल भए ।

भारतीय टोलीका तर्फबाट अनिरुध थापा म्यान अफ द म्याच चुनिए । दुवै मैत्रीपूर्ण खेलको म्यान अफ द सिरिज भारतका रहिम अलि भए । म्यान अफ द म्याचले २५ हजार अनि ट्रफि र म्यान अफ द सिरिजले एक लाख अनि ट्रफि पाए ।

एन्फा अध्यक्ष कर्माछिरिङ शेर्पा, राखेप सदस्यसचिव रमेश सिलवाल, गृहमन्त्री बालकृष्ण खाँडलगायतले पुरस्कार वितरण गरेका थिए । सी डिभिजन छनौटमा अत्तरखेलले तार्केश्वर युथ क्लबलाई ६-० र इमाडोलले लगनशिल युथ क्लबलाई ३-१ ले पराजित गऱ्यो















माझखर्क सामाजिकको १८-प्रकाशन
मुलुकी दैनिक
प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोन:- ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण : लक्ष्मी अफसेटप्रेस, गाईघाट